आर्थिक अभियान

बजार/समाचार ३ आइतवार, २४ पुस २०७९ | Sunday, 8 January 2023

www.abhiyandaily.com

# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
# Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाडौं।
फोन नं.: ०१-४५३४९२१/२२, फ्याक्सः ०१-४५४१५२५

## आवश्यकता

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७९/०९/२४)

यस वित्तीय संस्थाको लागि कार्यक्रम संचालन तथा विस्तार गर्न कनिष्ठ सहायक प्रशिक्षार्थी (तालिमे) हरु आवश्यक भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तल उल्लेखित ठेगानामा प्राप्त हुने गरी दरखास्त दिनुहुन आव्हान गरिन्छ। वित्तीय संस्थाको हितलाई ध्यानमा राखी प्राप्त दरखास्तहरु कारण खोली वा नखोली अस्वीकृत गर्ने वा यस विज्ञापनलाई रद्द गर्ने सबै अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ।

**तपसिल**

१. **विज्ञापन नं., पद, काम गर्नुपर्ने क्षेत्र र आवश्यक संख्या**

| क्र. सं. | विज्ञापन नं. | पद/तह | काम गर्नुपर्ने क्षेत्र | आवश्यक संख्या | दरखास्त पेस गर्न सकिने स्थान/माध्यम |
|---|---|---|---|---|---|
| १. | १/०७९/८० | कनिष्ठ सहायक प्रशिक्षार्थी/४(ख) | यस वित्तीय संस्थाको कार्यक्षेत्र भित्रको जुनसुकै कार्यालय | ५० जना | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.को केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौं (०१-४५३४९२१, २२) र इमेल ठेगानाः career@swbbl.com.np |

२. **न्यूनतम शैक्षिक योग्यता तथा तालिम** : मान्यता प्राप्त शिक्षण संस्था/बोर्डबाट न्युनतम एस.एल.सी.वा सो सरह उत्तीर्ण भएको हुनपर्नेछ। नेपाल परीक्षा बोर्डबाट संचालित एस.ई.ई. परीक्षामा सहभागी भएकाहरुको हकमा उक्त परीक्षामा स्तरीकृत अंक न्यूनतम १.६ (उपलब्धिस्तर "डि") हाँसिल गरेको हुनुपर्नेछ। साथै, कम्तिमा ३ महिना वा ७५ दिन वा १८० घण्टाको आधारभूत कम्प्युटर तालिम लिएको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ।

३. **अनुभव तथा सीप** : लघुवित्त संस्थाहरुमा काम गरेको अनुभव भएका तथा मोटरसाईकल/स्कूटरको चालक अनुमतिपत्र प्राप्त गरेका व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ।

४. **उमेर** : उमेदवार हुनको लागि दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। तर महिलाको हकमा उमेरको हद ४० वर्ष ननाघेको हुनुपर्नेछ।

५. **प्रतियोगिताको किसिम**: (क) लिखित परीक्षा (ख) फिल्ड अवधारणा (ग) कम्प्युटर संचालन (वर्ड, एक्सेल, पावरप्वाइन्ट, इमेल, इन्टरनेट आदि) सम्बन्धी प्रयोगात्मक परीक्षा (घ) अन्तरवार्ता।

६. **सर्ट लिष्ट**: लिखित परीक्षाको लागि प्राप्त दरखास्तहरु मध्ये वित्तीय संस्थाले तोकेको योग्यता पुगेको आधारमा छोटो सूची तयार गरिनेछ। सो सूचीमा छनौट भएका आवेदकहरुलाई परीक्षा हुने मिति, समय र स्थानको सूचना वित्तीय संस्थाको वेवसाइट www.swbbl.com.np मा सूचना प्रकाशन गरी जानकारी गराइनेछ।

७. **पाठ्यक्रम**: लिखित परीक्षाको पाठ्यक्रम वित्तीय संस्थाको वेवसाइट www.swbbl.com.np मा सूचना प्रकाशन गरी जानकारी गराइनेछ।

८. **परीक्षा दस्तुर**: लिखित परीक्षाको प्रवेश पत्र लिन आउदा परीक्षा दस्तुर रु.५००/- बुझाउनु पर्नेछ। परीक्षा दस्तुर बुझाएपछि मात्र लिखित परीक्षामा सहभागी गराइनेछ। बुझाएको परीक्षा दस्तुर फिर्ता हुने छैन।

९. वित्तीय संस्थाको कार्यक्षेत्रका वासिन्दालाई दरखास्त दिन प्रोत्साहन गरिन्छ।

१०. लिखित परीक्षा, फिल्ड अवधारणा, कम्प्युटर संचालन सम्बन्धी प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताबाट योग्यताक्रमानुसार सिफारिस भएका उमेदवारहरुलाई मात्र वित्तीय संस्थाको नियमानुसार प्रशिक्षार्थी (तालिमे) को रुपमा खटाइनेछ।

११. प्रशिक्षार्थी (तालिमे) को प्रशिक्षण अवधि ६ महिनाको हुनेछ। कार्य सम्पादन सन्तोषजनक नभएमा वित्तीय संस्थाको प्रचलित कर्मचारी सेवा विनियमावली बमोजिम हुनेछ। उक्त अवधिभर प्रशिक्षार्थी भत्ता वाहेक अन्य कुनै सुविधा उपलब्ध हुने छैन। प्रशिक्षार्थीको कार्यसम्पादन सन्तोषजनक भएमा मात्र वित्तीय संस्थाको नियमानुसार परीक्षणकालमा नियुक्ति गरिनेछ।

१२. छानिएका उमेदवारहरुले सेवा पूर्व प्रशिक्षणमा वित्तीय संस्थाले खटाएको जुनसुकै कार्यालयमा बसी काम गर्नुपर्नेछ।

१३. पेस गर्नुपर्ने कागजात तथा विवरणहरु
- क) वित्तीय संस्थाले तोकेको ढाँचाको दरखास्त फाराम एक प्रति (वित्तीय संस्थाको वेवसाईटः www.swbbl.com.np) बाट डाउनलोड गर्नु पर्नेछ।)
- ख) हाल सालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति,
- ग) नोटरी पब्लिकको कार्यालयबाट प्रमाणित नागरिकता, शैक्षिक योग्यताका चारित्रिक एवं लब्धांक प्रमाणपत्र, कम्प्युटर तालिमको प्रमाणपत्र, लघुवित्त संस्थामा काम गरेको भएमा अनुभव प्रमाणपत्र र अन्य कुनै प्रमाणपत्र भएमा सो को प्रतिलिपिको एक प्रति,
- घ) नेपाल बाहिरको शैक्षिक संस्थाबाट उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र भएमा समकक्षता प्रमाणपत्र (Equivalence Certificate) को एक प्रति।

१४. निवेदकले आफ्नो निवेदनमा र खाम बाहिर विज्ञापन नं. प्रष्ट उल्लेख गर्नुपर्नेछ। इमेल ठेगाना मार्फत तोकेको ढाँचा बमोजिमको दरखास्ता फाराम पेश गर्ने निवेदकहरुले प्रवेश पत्र वितरण हुने दिनमा तोके बमोजिमको अन्य कागजपत्रहरु बुझाउनु पर्नेछ।

१५. **निवेदन पेस गर्ने स्थान/माध्यम**: माथि बुँदा नं. १ मा तोकिए बमोजिम।